गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०८२।०३।२१ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को १६ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको १७ औं नगर सभा अधिवेशनको बिषयमा बैठकमा समिक्षा गरियो, साथै नगरपालिकाको विकास निर्माण एवं सेवा प्रवाह लगायतका कार्यमा सहयोग गर्ने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, स्थानीय राजनीतिक दलहरु, आम नागरिक, पत्रकार जगत, संघ संस्था सबैमा हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा समेत यसै बमोजिमको सहयोग समन्वय र सहकार्यको लागि हार्दिक आग्रह गर्दै नगर सभा अधिवेशनलाई सफलतापूर्व सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सबैमा धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकामा महिला नेतृत्व, लैंगिक समानता, दलित, आदिवासी तथा अल्पसंख्यक महिलाहरुका लागि लोकतान्त्रिक प्रक्रियामा समावेशी तथा उत्तरादायी शासन प्रणालीलाई प्रबर्द्धन गर्ने उद्धेश्यले "**द स्टरोरी किचेन**"ले सञ्चालन गर्न लागेको "**समान आवाज**" परियोजना सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक देखिएकोले सेवा निरन्तरता दिन ईच्छुक एवं कार्यालयमा सेवा नविकरणका लागि निवेदन पेश गरेका कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट (मिति २०८२ पौष मसान्तसम्म) छ महिनाको लागि सेवा करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुले कार्यालयमा दिईएको लिखित निवेदनको आधारमा सब.ई. समीक्षा पौडेल , सब.ई. सुनिल श्रेष्ठ, अ.सब.ई. सन्दिप गिरी र ना.प्रा.स. मनिषा खड्कालाई कार्यालय समय(१०-५) अघि र पछि पर्ने गरी कलेज़ पढ्न अध्ययन अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ५** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्रदेश तथा स्थानीय शासन सबलीकरण) कार्यक्रमको मिति २०८१/११/२३ को च.नं. २४२ प.सं. २०८१/०८२ को पत्रानुसार यस गैंडाकोट नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत ई. विनोद न्यौपानेको हाल कार्यरत तह मिलान/ समायोजन गर्दै २०८२/०४/०१ गते देखि अधिकृत सातौं तह कायम गरी सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका गण्डकी प्रदेशस्तरको सर्वेक्षणको प्रतिवेदनको आधारमा क्षयरोगको उच्च प्रभावित क्षेत्रको रुपमा रहेको विगत बर्षहरु देखि संघीय सरकारबाट कार्यक्रम सहित मानवीय स्रोतको लागि व्यवस्थापन भएको तर हाल संघीय सरकारबाट बजेटको सुनिश्चता नभएको र नगरपालिका तर्फबाट क्षयरोग मुक्त अभियानलाई निरन्तरता दिन नगरपालिकाको तर्फ सो कार्यक्रम हेर्ने कार्यक्रम संयोजक श्री नारायण सापकोटालाई साविक कै सेवा शर्त अनुसार निरन्तरता दिने साथै क्षयरोग मुक्त अभियान कार्यक्रम नगरको प्राथमिकता प्राप्त आयोजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका अन्तरगतका विभिन्न वडा समिति, नगर कार्यपलिकाको कार्यालय, नगर प्रमुख, उपप्रमुख र कार्यपालिकाबाट विभिन्न समयमा भएका निर्णयका आधारमा भएका विनियोजन/रकमान्तरलाई समर्थन गर्दै हालसम्म नगरबाट भएका आदेश/सम्झौताका आधारमा कार्यान्वयन गरिएका विभिन्न योजना तथा आकस्मिक कार्यमा भएका खर्चको नगरको आन्तरिक श्रोतबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको अन्तिम प्रस्तुतीकरणहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१. गैंडाकोट नगरपालिकाको नगर अस्पतालको निर्माणधिन भवनको लागि तयार भएको Revised DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री नारायणी ट्रेनिङ् एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोटको तर्फबाट गरेको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

२. गैंडाकोट नगरपालिका भित्रको सम्भावित स्थानहरुमा पानी पुर्नःभरण योजनाको दीर्घकालीन जल सुरक्षाका लागि पुनर्भरण व्यवस्थापन योजना तयार गर्न प्रस्तुतिकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री इस्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. बानेश्वर,काठमाण्डौंको तर्फबाट गरेको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

३. गैंडाकोट नगरपालिका भित्रको सम्भावित स्थानहरुको पार्क निर्माण योजनाको DPR को प्रस्तुतिकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री माईलस्टोन इनफ्रास्ट्रक्चर इन्जिनियरिङ्ग कन्सल्टेन्सी चावाहिल,काठमाण्डौंको तर्फबाट गरेको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

४. गैंडाकोट नगरपालिका भित्रको सम्भावित स्थानहरुमा सिमसार/ जलाधार क्षेत्रहरुको पहिचान, प्राथमिकरण एवं सम्वेदनशील जलाधारको व्यवस्थापन योजना तर्जुमाका लागि तयार भएको प्रस्तुतिकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री विद्यागमन क्लासेस. बागबजार,काठमाण्डौंको तर्फबाट गरेको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

**निर्णय नं.९** गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दोस्रो संशोधनको दफा १० उपदफा २ को (ङ) मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमका नगर कार्यपालिका सदस्यहरू मध्येबाट प्राज्ञ सदस्यहरु तोक्ने निर्णय गरियो ।

क) श्री गोविन्द प्रसाद सुवेदी, वडा अध्यक्ष वडा नं. ११ - सदस्य
ख) श्री होमनाथ सापकोटा, वडा अध्यक्ष वडा नं. ७ - सदस्य
ग) श्री शान्ति न्यौपाने, कार्यपालिका सदस्य - सदस्य
घ) श्री उर्मिला वि.क., कार्यपालिका सदस्य - सदस्य

**निर्णय नं.१०** Rhino Water Entertainment Pvt.Ltd भरतपुर,चितवनबाट नारायणी नदी किनारको गैंडाकोट किनारमा क्रुज पोर्ट निर्माण,पावर बोट तथा फ्लाइबोर्ड सञ्चालन सम्बन्धी अनुमती माग भई आएकोले गैंडाकोट नगरपालिकाको पर्यटन प्रवर्द्धन एवं आन्तरिक आय बृद्धिका दृष्टिकोणलाई मध्यनजर गर्दै संघीय प्रदेश र स्थानीय कानूनको अधिनमा रही सरोकारवालासंगको छलफल पछि सहमतिको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भट्ट अधिकारी
नगर प्रमुख

**निर्णय नं. ११** नगर कार्यपालिकाको कार्यालयबाट आ.व.२०८०/०८१ मा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,निज कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौता बमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no. 1, 4, 5, 6, 8, 9 and 17, Nawalpur (East) | 12/GM/NCB/2080-081 | Manakamana Contractor's and Builders Pvt. Ltd. | 10 th Ashar 2082 | 30th kartik 2082 |
| 2 | Construction of Dharmasala (Steel structure) in Maulakali Mandir at Gaindakot Municipality-1, Nawalparasi(East) | 12/GM/NCB/2081-082 | Daya Shree Construction Pvt Ltd | 2082.03.15 | 31th bhadra 2082 |
| 3 | Construction of River training work at Jayshree Khola Located in ward 3,4,7,8 & 9 | ID-06/GM/NCB/2081-082 | Jayshree Kaligandaki Group of Construction, ktm | 2082.03.15 | 30th kartik 2082 |
| 4 | Construction of River training work at Jayshree Khola Phase II Located in ward 3,4,7,8 & 9 | ID-15/GM/NCB/2081-082 | Jayshree Kaligandaki Group of Construction, ktm | 2082/03/15 | 30th kartik 2082 |
| 5 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality ward no. 1,4 and 6 Nawalpur | 15/GM/NCB/2081-082 | Jayshree Kaligandaki Group of Construction, ktm | 2082/03/15 | 30th mashir 2082 |
| 6 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no.1, 4 and 6, Nawalpur | 13/GM/NCB/2080-081 | Indrashree Nirman Sewa pvt.ltd. | 10th Ashar 2082 | 30th bhadra 2082 |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख